annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१४ पृष्ठ ८ | काठमाडौं, सोमबार २४ मंसिर २०८१ | मार्ग शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | MONDAY, DECEMBER 9, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# स्वदेशमै कृषि व्यवसाय गरें, नाम र दाम कमाएँ

देशमा केही हुँदैन भन्दै दैनिक हजारौं युवा बिदेसिन्छन् । तर, त्यस्तो मात्र पनि छैन । कृषि र पशुपन्छी व्यवसाय गरेर स्वदेशमै नाम र दाम दुवै कमाउन सकिन्छ । केही उदाहरणीय पात्र यही समाजमा छन् । गर्नेका लागि यहीं नै सबै हुन्छ भन्ने सन्देश दिएका छन् ।

ममता थापा | काठमाडौं
– को रिपोर्ट

समाचार पृष्ठ २

**कुन क्षेत्रमा कति प्रवाह भयो ग्रामीण उद्यम वित्तीय परियोजना अन्तर्गतको कर्जा ?**

(रु.१० लाखमा)

| क्षेत्र | कर्जा |
|---|---|
| दुधजन्य जनावरको फर्ममा | २६.९ |
| बाख्रा फार्म | १२.३ |
| एकीकृत कृषि फर्म | १०.४ |
| बंगुरपालन फर्म | ८.४ |
| पोल्ट्री फर्म | ७.९ |
| चामल र पिठो मिल | ७.६ |
| माछा पालन | ६.३ |
| टनेल तथा तरकारी फर्म | ४.७ |
| बीज (सिड) प्रशोधन | ४.३ |
| तोरीको तेल प्रशोधन | १.८ |
| दुध प्रशोधन | १.६ |
| चिया प्रशोधन | १.४ |
| फलफूल उत्पादन | १.२ |
| च्याउ खेती | १ |
| उखु खेती | १ |
| कोल्ड स्टोर | ०.७ |
| अन्य | २.३ |

स्रोत : साना किसान विकास लघुवित्त वित्तीय संस्था

## सिरियामा असद शासन अन्त्यको घोषणा



**दमास्कस** (एजेन्सी) : कुर्दिस नेतृत्वको विद्रोहीले आइतबार दमास्कसमाथि धावा बोलेको र राष्ट्रपति बशर अल असद भागेको दाबी गरेको छ। उनीहरूले सिरियामा पाँच दशक लामो बाथ शासनको अन्त्य भएको घोषणा गरेका छन्।

सिरियाको राजधानी दमास्कसमा विद्रोही समूहले राष्ट्रपति असदको बहिर्गमनको घोषणा गर्दै 'हामीले दमास्कस सहरलाई स्वतन्त्र घोषणा गरेका छौं' भन्दै सडकमा विजय उत्सव मनाएका देखिन्थे।

दमास्कसबाट एएफपीले खिचेको तस्बिरमा विद्रोहीहरूले सूर्योदयको समयमा हवाई फायर गरेका, केहीले विजयको चिन्ह चम्काइरहेको र 'अल्लाहु अकबर' वा ईश्वर महान् हुनुहुन्छ भनी चिच्याइरहेको देख्न सकिन्छ।

तस्बिरमा कोही उत्सव मनाउन सेनाका बख्तरबन्द गाडीमाथि चढेका कोही असदका पिता हाफेजको ढलेको शालिकमा सुतेर तस्बिर लिइरहेको देखिएको छ।

दमास्कसका बासिन्दा आमेर बाथाले एएफपीसँग टेलिफोनमा कुराकानी गर्दै भने, ' म यो क्षणको प्रत्यक्षदर्शी बनिरहेको छु भनेर विश्वास गर्न सक्दिनँ। हामी यस दिनका लागि लामो समयदेखि पर्खिरहेका थियौं। हामी सिरियाका लागि नयाँ इतिहास लेख्न सुरु गर्दै छौं।'

इस्लामिक हयात तहरीर अल-शाम (एचटीएस) समूहले असद परिवारको पाँच दशकभन्दा लामो शासनलाई चुनौती दिँदै आफ्नो अभियान सुरु गरेको दुई हप्ता नबित्दै राष्ट्रपतिको कथित बहिर्गमन भएको बताइएको छ।

'बाथ शासनमा ५० वर्षको उत्पीडन, १३ वर्षको अपराध र अत्याचार तथा जबर्जस्ती विस्थापनपछि हामी आज यो कालो समयको अन्त्य र सिरियाका लागि नयाँ युगको सुरुवातको घोषणा गर्दै छौं,' विद्रोही समूहले टेलिग्राममा भनेका छन्।

सिरियाली प्रधानमन्त्री मोहम्मद अल जलालीले सिरियाली जनताले रोजेको कुनै पनि नेतृत्वसँग सहकार्य गर्न आफू तयार रहेको बताएका छन्।

बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) का प्रमुख रामी अब्देल रहमानले एएफपीसँग भने, 'राष्ट्रपति असदले दमास्कस अन्तर्राष्ट्रिय विमानस्थल हुँदै सिरिया छोडिसक्नुभएको छ।'

यसैबीच अमेरिकी राष्ट्रपति जो बाइडेनले सिरियामा भइरहेको 'असाधारण घटना'लाई नजिकबाट नियालिरहेको ह्वाइट हाउसले जनाएको छ।

## सुचिना हत्याको ९ दिन बित्यो, दोषी पत्ता लागेन

**शिव उप्रेती** | *गोरखा*

मुलुकमा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ। यही बेला बारपाककी १८ वर्षीया सुचिना घलेको जंगलमा बीभत्स हत्या भयो। गत शनिबार घाँस काट्न गएकी उनको गत मंगलबार गाडिएको अवस्थामा क्षतविक्षत शव फेला पर्‍यो।

हत्या भएको नौ दिन बित्यो, तर अझै घटनाको रहस्य खुल्न सकेको छैन। दोषी पत्ता नलागेको भन्दै सुचिनाको माइती गाउँ काशीगाउँका बासिन्दा सदरमुकाम आइपुगेका छन्। हत्यामा संलग्नलाई पक्राउ गर्न ढिलाइ गरेको भन्दै उनीहरूले आइतबार प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेल, प्रहरी प्रमुख एसपी बासुदेव पाठकसँग भेटी यथाशीघ्र दोषी पक्राउ गर्न माग गरेका छन्।

६० जनाभन्दा धेरैको संख्यामा रहेका उनीहरूले पक्राउ गर्ने आधार हुँदाहुँदै पनि शंकास्पद व्यक्तिहरूलाई तत्काल पक्राउ नगरेको गुनासो गरेका छन्। 'दुइटा टोपी, डोको, नाम्लो बरामद भएको छ। तीन जना शिकारीहरू पक्राउ परेका छन्, तर नौ दिन भइसक्दा पनि अझै घटना रहस्यमय नै छ', काशीगाउँका मानबहादुर गुरुङले भने, 'कुनै शक्तिको दबाबमा सत्यतथ्य छानबिनमा आलटाल भइरहेको छ भन्ने हामी गाउँलेले अनुमान गरेका छौं।'




**हत्यारालाई छिटो पक्राउ गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय गोरखामा भेला भएका मृतकका आफन्त र छिमेकी।** ● शिव उप्रेती

अनुसन्धानमा कुनै प्रभाव नपरोस् भनेर आफूहरू अत्यन्त संयमित भएर बसेको उनको भनाइ छ।

मृतकको दुइटा औंला काटिनु रहस्यमय भएको भन्दै अर्की सुस्मिता घलेले गाउँका शिकारीहरूलाई पक्राउ गरेर अनुसन्धान गरे छिट्टै यथार्थ पत्ता लाग्ने तर्क गरिन्। 'तर, शिकारीहरू पक्राउ परेका छैनन्। अनुसन्धान अत्यन्त सुस्त ढंगले भइरहेको छ', उनले भनिन्, 'आजसम्म हामीहरू संयमित ढंगले प्रस्तुत भइरहेका छौं। प्रहरी, प्रशासनले गाउँलेहरूलाई संयमता गुमाउन बाध्य नपारोस्।'

घटना अनुसन्धानमा ढिलाइ भएपछि जिल्लामा विरोधको आवाज उठ्न थालेको छ। आइतबार नागरिक साझा सवाल र मानव अधिकार तथा शान्ति समाजले प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराएका छन्। घटना अत्यन्त निर्मम र कहालीलाग्दो भएको भन्दै ती दुई संस्थाले अलग-अलग ध्यानाकर्षण पत्र बुझाएका हुन्। मानव अधिकार तथा शान्ति समाजका जिल्ला अध्यक्ष शरद श्रेष्ठ तथा नागरिक साझा सवालका संयोजक स्थानेश्वर दुवाडीले प्रमुख जिल्ला अधिकारीलाई घटनाबारे तीव्र गतिमा अनुसन्धान प्रक्रिया अघि बढाउन माग गर्दै ज्ञापन पत्र बुझाएका हुन्। साथै बारपाक सुलिकोट गाउँपालिका र धार्चेगाउँपालिका-६ को वडा कार्यालयले पनि विज्ञप्ति जारी गरी घटनाको बिरोध गर्दै यथाशीघ्र दोषी पत्ता लगाई कारबाही अघि बढाउन आग्रह गरेका छन्। ध्यानाकर्षण पत्र बुझ्दै प्रजिअ पौडेलले आफूहरू मृतकको आफन्तजन जत्तिकै चिन्तित भएकाले अनुसन्धानमा कुनै कसर बाँकी नराखिने प्रतिबद्धता जनाएका छन्।

» बाँकी पृष्ठ ७

## डोनाल्ड लु काठमाडौंमा

**अन्नपूर्ण** | *काठमाडौं*



अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु नेपाल भ्रमणमा आएका छन्। तीनदिने भ्रमणका क्रममा सहायक विदेशमन्त्री लु आइतबार काठमाडौं ओर्लिएका हुन्। भारत र श्रीलंकाको भ्रमणपछि उनी नेपाल आएका हुन्।

काठमाडौंस्थित अमेरिकी दूतावासले जारी गरेको विज्ञप्तिका अनुसार काठमाडौं रहँदा सहायक विदेशमन्त्री लुले नेपाली नेताहरूका साथै नागरिक समाजसँग समेत अन्तरक्रिया गर्ने छन्।

विज्ञप्तिमा भनिएको छ, 'उहाँले काठमाडौंमा नेपाल सरकारका नेतृत्वकर्ताहरूसँग शिष्टाचार भेट र नागरिक समाजसँग कुराकानी गर्नुहुनेछ। उहाँको यो भ्रमणले अमेरिका-नेपाल सम्बन्धलाई मजबुत बनाउने र वातावरणीय सुरक्षा, महिला सशक्तीकरण, सांस्कृतिक संरक्षण र दिगो विकासजस्ता मुख्य क्षेत्रहरूमा दुई देशबीचको सहकार्यलाई अघि बढाउने प्रतिबद्धता प्रस्तुत गर्दछ।'

## मुस्ताङमै ठमेल अर्थात् मार्फा

**सुन्दरकुमार थकाली** | *जोमसोम*

२०३० सालतिर मुस्ताङको मार्फाबाट स्याउखेतीको विकास भयो। किसानलाई फलफूल तथा ताजा तरकारी खेती गर्ने तरिका सिकाउन बागबानी शीतोष्ण कृषि मार्फ स्थापना भयो। मार्फाबाट सुरु भएको स्याउ खेतीले जिल्लै ढाकियो। अर्थात् स्याउको राजधानी मार्फा बन्यो। त्यसपछि सिनेमा सुटिङ हुन थाले, पर्यटक ओइरिन थाले। जोमसोमपछिको पर्यटकीय राजधानी बन्न थाल्यो।

मुस्ताङको मार्फाले कृषि र पर्यटनलाई एकसाथै अघि बढाएको छ। राष्ट्रिय गौरवको सडक (बेनी-जोमसोम-कोरला) सडक मार्ग विस्तारले मार्फा गाउँ ओझेलमा पर्छ कि भन्ने चिन्तामा यहाँका किसान थिए। तर, मार्फा झन गुल्जार बन्यो। प्रसिद्ध मुक्तिनाथ दर्शन र उपल्लो मुस्ताङ भ्रमण गरी फर्किएका आन्तरिक तथा बाह्य पर्यटक मार्फा गाउँभित्र रम्न छुटाउँदैनन्। धार्मिक तथा सांस्कृतिक सम्पदा रहेका कारण पनि पर्यटकका लागि छुटाउनै नहुने गन्तव्यमा मार्फा पर्छ।

मार्फा गाउँको मुख्य चिनारी हो, यहाँका साँघुरो गल्ली र एकआपसमा जोडिएका ढुंगा र माटोले बनेका परम्परागत सांस्कृतिक घर। जसले मुस्ताङभित्रिएका पर्यटकलाई मार्फा तान्न केन्द्रित गर्छ। बेनी-जोमसोम सडकमार्ग नजिकै करिब दुई सय मिटर पर मार्फा बस्ती पर्छ, जहाँ सयभन्दा बढी गुजमुच्च जोडिएका घर छन्।

बेनीबाट उकालो उक्लिएर ६५ किलोमिटर यात्रा तय गरेपछि मार्फा पुगिन्छ। मार्फाको दक्षिण गल्लीको मुहानबाट उत्तरतर्फ करिब ५ सय मिटर लामो साँघुरो गल्ली छ। गल्लीभित्रको दायाँबायाँ ऐतिहासिक पुराना घर छन्। त्यहाँको मुख्य गल्लीबाट गाउँभित्र पस्ने आधा दर्जन शाखा गल्ली पनि छन्। मार्फा गाउँभित्रको गल्ली र आसपासमा भूमिगत विद्युतीय लाइन विस्तार भइसकेको छ। ०७६ सालमा घरपझोङ गाउँपालिकाले मार्फाको गाउँभित्र विद्युतीय जोखिम न्यूनीकरण तथा मार्फा गाउँको सौन्दर्यतालाई जोगाउन विद्युतीय तार भूमिगत गरेको थियो। गल्लीभित्रका सबै घरमा दायाँबायाँ बौद्ध धर्मसम्बन्धी लेखिएका लङ्ता झुन्ड्याइएका छन्। पर्यटक आगमन बढेसँगै पछिल्लो समय मार्फा गाउँलाई बेहुली झैं सिंगार्न थालिएको छ।

मुस्ताङको मार्फामा स्वदेशी तथा विदेशीसमेत गरी दुई दर्जन बढी चलचित्र र म्युजिक भिडियो छायांकन भएर प्रदर्शन भइसकेका छन्। यिनै चलचित्रहरूको छायांकनले पनि मार्फाको चर्चा चुलियो। मार्फाको साँघुरो गल्लीमा पर्यटकीय गुल्जारले काठमाडौंका झल्को दिने गरेको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिह लालचन बताउँछन्। मुस्ताङ भित्रिएका शतप्रतिशत पर्यटकले मार्फाको पुरानो गाउँ पुग्ने गरेको अध्यक्ष लालचनको भनाइ छ। 'साँझ परेपछि मार्फा गल्लीभित्र पर्यटक रमाइरहेका हुन्छन्, साँघुरो गल्लीमा फोटो खिच्ने र टिकटक बनाउनेको ताँती हुन्छ, अध्यक्ष लालचनले सुनाए, 'मार्फा गाउँ त ठमेल जस्तै भइसक्यो, विदेशी र नेपाली पर्यटक यहाँ आएपछि बेग्लै अनुभूति लिएर फर्किन्छन्।'



मार्फाको मूल गल्लीभित्र भित्री गल्ली छन। जुन, पर्यटकका लागि निकै चर्चित छन्। मार्फामा जेरी र कबडी नामका २ गल्ली छन्। यी गल्लीको नाममा चलचित्रको नामकरण गरिएको हो। १० वर्षअघि मार्फा गल्लीभित्र अनमोल केसीको नेपाली चलचित्र जेरी र दयाहाङ राई अभिनित चलचित्र कबड्डी सुटिङ भएको थियो। चलचित्र हेरेका दर्शकले मार्फास्थित जेरी गल्ली र कबड्डी गल्लीलाई सम्झने गर्छन्।

मार्फा गल्लीभित्र एक दर्जन बढी पर्यटक लक्षित होटल छन्। मुख्य राजमार्ग सडक आसपास पनि नयाँ होटलहरू थपिँदै छन्। मार्फामा तिब्बतीयन शरणार्थी नागरिकले समथिंक तिब्बतीयन र थकाली पोसाकहरू भाडामा दिन्छन। मौलिक पोसाक पहिरिएर फोटो खिच्ने र टिकटक बनाउने सेवाग्राहीको क्रेजले त्यहाँको वैकल्पिक आम्दानीमा थप टेवा पुर्‍याएको छ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष लालचनले आफूले प्राप्त गर्ने सरकारी तलब भत्ता सामाजिक कार्यमा लगानी गर्ने गरेका छन। मार्फा गल्लीभित्रको बस्तीमा सडक बत्ती जडान गरी झलमल्ल पारेका छन्। पर्यटकीय यामको साँझको समयमा मार्फा गाउँको सौन्दर्यताले त्यहाँ पुग्ने पर्यटक मोहित हुने गरेको अध्यक्ष लालचनको भनाइ छ। मार्फामा पर्यटकीय याममा पर्यटक आवागमनले थेगिनसक्ने हुने अध्यक्ष लालचनले बताए। सामान्य अवस्थामा पनि दैनिक सयभन्दा बढी पर्यटकले मार्फाको भ्रमण गर्ने गरेको उनले सुनाए।

मार्फा गाउँको भित्री बजारमा पुराना ढुंगा र माटोले निर्मित परम्परागत घर-घरको छतमाथि लस्करै दाउरा पाँजिएको सांस्कृतिक जीवन्त मौलिकता देख्न पाइन्छ। मार्फामा ऐतिहासिक र पुरानो मार्फा सम्तेलिङ गुम्बा छ । जापाजिन जैन भिक्षु एकाइ कावागुची बसेको दुईतले घर पनि छ। कावागुची भारत हुँदै सन् १९०० ताका मुस्ताङ आएका थिए। कावागुची बसेको घर विभिन्न खोज अनुसन्धान र अवलोकनका लागि चर्चित छ।

मार्फामा कृषि खोज अनुसन्धान तथा अवलोकनका लागि शीतोष्ण वागबानी विकास केन्द्र महत्त्वपूर्ण पर्यटक गन्तव्य बनेको छ। लटरम्म राताम्मे स्याउ बगैंचा मार्फाको अर्को आकर्षण हो। मुस्ताङको घरपझोङ गाउँपालिकाले गत वर्ष मार्फामा एप्पल पार्कसमेत निर्माण गरिसकेको छ। गाउँपालिकाकै पहलमा मार्फाको सुरुवाती र अन्तिम गल्लीमा मार्फा प्रवेशद्वार निर्माण गरिएको छ।